# प्रतिज्ञा-पत्र

## मुगु

"कुरामा होइन, कर्ममा विश्वास "



**गगन थापा**
केन्द्रीय सभापति

### * रारा

रा – सुरक्षित यात्रा, राम्रो सडक
रा – राष्ट्रिय प्रसारण लाइनको सुनिश्चितता

### * छायाँनाथ

छा – हरेक मुगालीको आफ्नै छानो
या – यार्सागुम्बा जस्ता जडिबुटीहरुको प्रशोधन तथा प्रवर्द्धन
ना – नाम्लो बोक्नेहरुको भारी बिसाउने
थ – थरीथरीका भेषभूषा र जातहरुको सम्मान र प्रोत्साहन

### * कृषि

कृ – टन्न खान सक्ने कृषक, आधुनिक कृषि
षि – सीप कला र संस्कृतिको जगेर्ना गर्ने



**खड्ग ब: शाही**
उम्मेदवार
प्रत्यक्ष तर्फ

### * उत्पादन

उ – उत्प्रेरित समुदायको रक्षा तथा संरक्षण
पा – पानी पिउन नसक्नेहरुका लागी पानी
द – राजधानी सम्म मुगालीको दम राख्न सक्ने वातावरणको निर्माण
न – नसक्नेहरुका लागी सारथी

### * पर्यटन

प – पर्यावरणको संरक्षण तथा हरीयाली मुगु जिल्ला
य – हरेक मुगालीलाई सम्मान तथा यथार्थ ऐन
ट – टलक्क टल्किने, झलक्क झल्किने मुगु जिल्ला
न – नकरात्मक बाट माथि उठाइ सभ्य समाजको निर्माण

### * बजारीकरण

ब – बढ्दो बसाइँसराइको अन्त्य, ढुक्क भएर बस्ने वातावरण
जा – जागरण र रुपान्तरण
री – ऋणमुक्त समाजको परिकल्पना
क – कर्णालीको अभिभावक मुगु जिल्ला
र – देशी बिदेशी पर्यटक भित्र्याउने रहरको जिल्ला मुगु
ण – शोषणमुक्त समाज



**भिम तिरुवा**
उम्मेदवार,
समानुपातिक तर्फ

### * स्वाभिमान

स्वा – निशुल्क र भरपर्दो स्वास्थ्य
भि – भिजन, मिसन र कार्यदक्षता युक्त मुगु
मा – माटो सुहाउँदो शिक्षा
न – बिदेश नजाने वातावरणको निर्माण

सुझाव सल्लाह QR

जय नेपाल !!

राष्ट्रियता । लोकतन्त्र ॥ समाजवाद ॥



वाचा होइन काम, नारा होइन परिणाम
ऐतिहासिक आत्म आलोचना, हिजोको पाठ
दुर्गमता बाट अवसरको जिल्ला बनाउने छ आटँ,
प्रतिनिधि सभामा मेरो पहिलो पाइला,
बिजय गराउने तपाइका कोमल हात
त्यसैले रुख चिन्हमा मतदान

# प्रतिनिधी सभा निर्वाचन फागुन-२१
# प्रतिज्ञा-पत्र २०८२



# खड्ग बहादुर शाही
## प्रतिनिधि सभा सदस्य उम्मेदवार
## प्रत्यक्ष तर्फ-मुगु

### आत्मबोध:सच्चिने र सुधार्ने इमान्दार साहस

आदरणिय मुगुवासी आमाबुवा दाजुभाइ तथा दिदिबहिनीहरू, मुगुको बिकट भुगोल, कठिन जीवन र निरन्तर सङ्घर्षको साक्षि बनेर एक साधारण अति बिपन्न परिवारमा जन्मेको छोरा आज तपाईहरूको सामु उभिएको छु । हिउँले ढाकिएका डाँडाकाँडा, अभावले थिचिएका बस्तिहरू र राज्यको नजर बाट ओझेलमा परेका पिडाहरू मेरा जिवनका सारथी हुन । यहि परिवेशमा हुर्कदै,यहि पिडालाई आफ्नो पिडा ठानेर आज म ३७ बर्ष लामो रार्जनितिक यात्रा पछि पहिलो पटक प्रतिनिधि सभामा मेरो पहिलो पाइला चाल्न तपाईहरूको सामु आएको छु । यो पाइला मेरो व्याक्तिगत महत्वकांक्ष होइन, तपाईका कोमल हातहरूले समातेको मुगुको साझा सपना हो ।

म जान्दछु कि यी हातहरूले ढुङ्गा फोडेर खेत बनाएका छन्, यी हातहरूले भोग चिसो र अभाव संग लडदै सन्तान हुर्काएका छन र यिनै हातहरूले बर्षौ देखि राज्यको व्यवास्ता मौन भएर सहदै आयका छन् । आज त्यही कोमल तर बलिया हातहरूले मेरो हात समातेर संसद सम्म पुर्याउने बिश्वास दिएको छ । आज म तपाईंहरूको घर आगनमा भोट माग्न मात्र छैन, एक छोरा र अनवरत सेवकको रूपमा आफ्नो मनको भारी बिसाउन र हाम्रो बिगतको निर्मम आत्म समीक्षा गर्न आएको छु ।

### म ईमान्दारीका साथ स्वीकार गर्छु

- बिशेष गरि २०४६ पछि हामी लामो समय सत्तामा रहयौ, तर हाम्रा  प्रयासहरूले तपाईंका जिवनमा सोचेजस्तो परिवर्तन ल्याउन सकेनन्,म यसमा सन्तुष्ट छैन ।
- हामीले बिकासको  नाममा  डाडाँपाखामा डोजर त चलायौ तर बाह्रै महिना चल्ने सडक बाटो दिन सकेनौ ।
- हामिले स्वास्थ्य चौकी र स्कुलका पक्की भवन त बनायौ तर त्यहाँ डाक्टर र गुणस्तरीय शिक्षा दिन सकेनौ ।
- हाम्रा बजार तथा संस्थाहरूमा चामल र नुन त पुर्यायौ तर जिल्लाको आफ्नै उत्पादनलाई बजार दिएर तपाईलाई आत्मनिर्भर बनाउन सकेनौ ।
- हामी सिंहदरबारका कोठामा योजना माग्न व्यस्त त भयौ तर तपाईको आँगनमा आएर तपाइको वास्तविक पिडा सुन्न चुक्यौं ।

### मेरो उम्मेदवारी किन फरक ?

यो पटकको मेरो उम्मेदवारी शासक बन्न होइन, बिगतका गल्ती सच्याउने सेवक बन्नका लागि हो । अब म तपाईंका सबै समस्या एकै रातमा समाधान गरिदिने  असम्भव सपना देखाउन त चाहान्न तर पनि प्रभावकारी र परिणाम मुखी परिवर्तन ल्याउने इमान्दार बाचा गर्न चाहान्छु ।

### मुगु जिल्लाको रुपान्तरणका निम्ति मेरा खास प्रतिज्ञाहरु:

#### १) समसामयिक

**क) घोषणा पत्र कार्यान्वयन उच्चस्तरीय समिती:** निर्वाचित भएपछी घोषणा पत्र दराजमा थन्किने परम्परा तोडन निर्वाचित भएको २ हप्ता भित्रै बिभिन्न क्षेत्रका बिज्ञहरू सम्मीलित घोषणा पत्र कार्यान्वयन तथा अनुगमन समिती गठन गरि ५ वर्ष सम्म निरन्तर सक्रिय बनाइने छ ।

**ख) मेरो प्रश्न माननीय संग कार्यक्रम चलाउने:** माननिय जवाफदेहि हुनका निम्ति र गुनासोलाई हरप्रयास सम्वोधन गर्ने हेतुले प्रत्येक ६ महिनामा सबै पालीकामा मेरो प्रश्न माननीय संग कार्यक्रम चलाइने छ ।

**ग) सार्वजनिक सुनुवाइ गर्ने:** जनताहरूले आफ्नो माननियको काम कर्तव्य र कार्य प्रगती सुन्न र बुझ्ने अधिकार भएकोले प्रत्येक बर्ष कार्यप्रगतीको बिवरण सहित सार्वजनिक सुनुवाइ गरिनेछ ।

#### २) सडक निर्माणमा तीव्र जोड

क) पाँच बर्ष भित्र मुगु जिल्लाका सम्पुर्ण वडाहरूलाई सडक सन्जालमा जोड्न आवश्यक सबै कदम चाल्ने ।

ख) दोमुख-गमगढि-मुगु-नाक्चेलाग्ना सडक:चाइना संग सजिलै जोडदै व्यापार सहजीकरण गर्नका निम्ति पाँच बर्ष भित्र गमगढि-मुगु-नाक्चेलाग्ना सडक सम्पन्न गर्न हरपहल कदम गर्ने ।

ग) खत्याड गा.पा-रारा-गमगढि सडक खत्याड गा.पालाई सडक संजाल मार्फत जिल्ला सदरमुकाम गमगढि संग जोड्नका निम्ति खत्याड-रारा-गमगढि सडक निर्माणलाई पूर्णता दिने ।

घ) मेसिनरी सामान एवं डोजरको प्रयोगले कयौं स्थानीयबासीहरू ज्याला मजदुरि एवं रोजगारी बाट बन्चित हुन परेकाले डोजरले गर्ने काम (जहाँ सम्भव छ) स्थानीयले गर्ने छन् ताकी बिकास बजेटको ७०% रकम गाउँमै रहोस् ।

ङ) अल्कासाँधु हुँदै छा.रा.वडा न.१०,११,१२ जोडने सडक निर्माणको अवरूद्ध प्रक्रियालाई सुचारू गर्ने ।

च) जिल्ला भरीमा यथास्थितिमा संचालित एव निर्माणको क्रममा रहेका सम्पुर्ण जडिबुटी मार्गहरूलाई पुर्ण रूपमा सप्पन्न गर्न बिशेष पहल कदमि गर्ने ।

#### ३) स्वास्थ्य:आधारभुत स्वास्थ्य सेवामा पहुँच, सम्पुर्ण नागरिकको हक अधिकार:

क) नेपालको सविधानले प्रत्यक नागरिकको आधाभुत स्वास्थ्य सेवा नि:शुल्क पाउने अधिकारलाई सुनिश्चितता गरेकाले जिल्ला भरिका हरेक वडाहरूमा आधारभुत स्वास्थ्य एकाइ स्थापना गर्नका निम्ति पहल गरिनेछ ।

ख) जिल्ला अस्पताल,मुगुलाई हाल कायम भएको  १५ शैया बाट कम्तिमा पनि ५० शैयामा स्तरोन्नती गरि सम्पुर्ण जिल्लाको रेफरल केन्द्रका रूपमा बिकास गरि आवश्यक जनशक्ति व्यवस्थापन गर्नका निम्ति पहल गरिने छ ।

ग) बजेट व्यवस्थापनको सुनिश्चितताका गरेर आवश्यक मापदण्ड लाई आधार मानी जिल्ला भरीका अति नै गरिब,निमुखा,अपांग र सीमान्तकृत वर्गहरूलाइ लक्षित गरि सुरुवाति स्वास्थ्य बिमा नि:शुल्क गराइने छ ।

घ) आवश्यक मापदण्डका आधारमा जिल्ला निवासी अति नै गरिब, निमुखा,अपांग,सीमान्तकृत बर्ग, जनजाती एवं नवजात शिशु र गर्ववती आमालाइ निशुल्क स्वास्थ्य सेवा उपलब्धताका निम्ति समन्वय एवं आवश्यक पहल गरिनेछ ।

ङ) जीवन रक्षा कोष(रू ५०लाख): जटिल रोग र आकस्मिक दुर्घटनामा परेका बिभिन्न नागरिकका लागि रू ५० लाखको नि:शुल्क उद्दार तथा उपचार कोष खडा गरिनेछ ।

च) सामाजिक न्याय र जीवन रक्षा:भविष्य जोगाउने अभियान:

- मानसिक स्वास्थ्य संकट व्यवस्थापन (Mental health crisis response) विगत ५ बर्षमा ४० जना भन्दा बडि बालबालिका र युवाहरूको हृदयबिदारक आत्महत्याको तथ्यांकले मलाइ स्तब्ध बनाएको छ । यसलाई सम्बोधन गर्न विद्यालय र समुदाय स्तरमा मनोसामाजिक परामर्श सेवा अनिवार्य गरिनेछ ।
  - निराशामा रहेका युवाहरूको लागि जीवन रक्षा हटलाईन र परामर्श केन्द्र २४ सै घन्टा संचालनमा ल्याइने छ ।

छ) लागुऔषध मुक्त मुगु: लागुऔषदको दलदलबाट युवा पुस्तालाइ जोगाउन निर्वाचित भएको पहिलो ६ महिना भित्र प्रहरी प्रशासन,अभिभावक र बिद्यालयको सयुक्त प्रयासमा विशेष निर्मल मुगु अभियान घोषणा गरिनेछ । यस्को लागि हाम्रै नेतृत्वमा रहेको छा.रा.न.पा बाट निर्मित पुन:स्थापना केन्द्र (Rehabilitation center) को पुर्ण संचालन गर्दै जनचेतना अभियान चलाइनेछ ।

#### ४) शिक्षा: २१औं शताब्दीको नेतृत्व र आधुनिक ज्ञान

क) सबै बिद्यालयहरूमा बिजुली बत्ति र सोलारको व्यवस्था मिलाइ सुचना प्रविधि मैत्री कक्षा कोठाको व्यवस्थापन गर्ने र शिक्षक तथा बिद्यार्थीहरलाई सो को पहुँच सुनिश्चित गर्ने जस्का लागि कम्प्युटर, ईन्टरनेट आदिको व्यवस्थापन गरिने छ ।

ख) नियमित बिद्यालयमा पढ्न नपाएका, पढाइ छोडेका वा उमेरले नियमित कक्षामा नमिल्ने बालबालिका, किशोरकिशोरी वा बयस्कलाई लछित गरि सामुदायिक तथा संस्थागत विद्यालयलाई सिकाइका लागि पुरक बिद्यालयको रुपमा बिकास गर्ने

ग) नमुना आवासीय बिद्यालय: मुगुम कार्मारोङ्गको मोडेलमा जिल्लाका अन्य पालिकाहरूमा पनि पुर्ण आवासीय बिद्यालय स्थापनार्थ पहल गरिनेछ जहा गरिब र जेहेन्दार बिद्यार्थीले निशुल्का खान,बस्न र पढ्न पाउनेछन् ।

घ) प्रत्येक विद्यालयमा कम्तीमा एक जना तालिम प्राप्त नर्सको व्यवस्था गरि बिद्यार्थीहरूको स्वास्थ्य परिक्षण, सरक्षण, प्राथमिक उपचार र स्वास्थ्य शिक्षा प्रदान गर्ने अवधारणा अनुसार एक बिद्यालय

एक नर्स कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन।

ङ) संविधानले प्रत्याभूत गरेको शिक्षा अधिकारको पुर्ण कार्यान्वयनका लागि संघ,प्रदेश र स्थानीय तह विचको अधिकार स्पष्ट गर्ने समय सापेक्ष र व्यवहारिक शिक्षा ऐन निर्माणका लागि आवश्यक पहल गर्ने ।

च) मुगु जिल्लामा नर्स,एच ए,ल्याब,सब.इन्जिनियर,फरेस्टरि लगायतका विषयमा पढाइ हुन कलेजको स्थापना गर्न पहल गर्ने ।

**५) खानेपानी समस्याको अन्त्यः** सोरू गाउंपालिकाका अधिकांश बस्तिहरूमा सुरक्षित र नियमीत खाने पानीको अभाव भएकाले संघ,प्रदेश सरकार र अन्य दातृ निकाय संग सहकार्य गरि सुरक्षित,स्वच्छ र दिगो खानेपानिको सुनिश्चितता गरिनेछ ।

### ६) संचारः आवाज नपुगेको ठाउँमा अब आवाज पुग्ने छ।

क) सामाजिक बिकास र समावेशी ज्ञानयुक्त न्यायको मुल्यमान्यतालाई आत्मसात गर्दै यस जिल्लाका चारवटै पालिकामा सेवा बिहिन बस्तीलाई प्राथमिकता दिई चरणबद्द रूपमा फाइबर नेटवर्कको बिस्तार गरिने छ ।

### ७) कृषिः उत्पादन बढाऔं, बजार जोडौं

क) आत्मनिर्भर मुगु जिल्ला निर्माणका लागि प्रत्येक पालिकामा स्थानीय उत्पादनलाई बजारीकरण गर्नका लागि एक पालिका एक कृषि भण्डार केन्द्र स्थापना गर्ने ।

ख) कृषि वन (Agro forestry) कार्यनीति : वन जङ्गलको संरक्षण गर्दै जडिबुटी र फलफूल खेती लाई वनसंग जोड्दा वनमा धन कार्यक्रम लागू गर्न बिशेष पहल गरिनेछ । उच्च घनत्व स्याउ (High density apple) उच्च घनत्व स्याउ खेती भनेको परम्परागत स्याउ खेती भन्दा धेरै बिरूवा सानो क्षेत्रफलमा रोप्ने आधुनिक खेती प्रविधि भएकाले मुगु जिल्लाको हावापानी र भौगोलिक विशेषतालाई अवसरका रूपमा उपयोग गर्दै उच्च घनत्व स्याउ खेतिलाई प्राथमिकता दिई किसानको आय वृद्धि र स्थानीय अर्थतन्त्र सुधार गर्न प्रयास गरिनेछ ।

ग) कृषि सडकः मुगु जस्तो दुर्गम भौगोलिक क्षेत्रमा कृषकको उत्पादन समएमै बजार पुऱ्याउन बस्ती-खेत-बजार जोड्ने कृषि सडकलाई उच्च प्राथमिकतामा राखी निर्माण र स्तरोन्नति गर्न पहल गरिने छ ।

घ) स्थानीय साना उद्योग संचालन गर्ने व्यवस्था मिलाउनेः स्याउको वाइन, डालेचुक, लालिगुरासको जुस, अल्लोको धागो, सिस्नुको साबुन, राडिपाखिको विभिन्न लुगा कपडा आदि जस्ता उत्पादन गर्ने उद्योग संचालन गर्न आवश्यक पहल कदमी गर्ने ।

ङ) म बनाउछु मेरो जिल्ला कार्यक्रम लागू गर्ने र कृषि अनुदान दिने

केही सीप भएका नयाँ युवाहरूलाई रोजगार संग जोड्न र मुगु जिल्लालाई आयस्रोतमा आत्मनिर्भर गराउनका लागि सम्बन्धित विषयमा दखल राख्ने युवाहरूलाई र कृषकहरू लाई न्यून ब्याजदरमा राज्यबाट नै लगानीको लागि सुनिश्चित गराउने ।

च) जडिबुटी संचालन तथा प्रशोधन केन्द्र स्थापना गर्नेः चारवटै पालिकामा जडिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्न"।

छ) बाइ-ब्याक ग्यारेन्टीः किसानले उत्पादन गरेको सिमि, फापर, जडिबुटी आदि इत्यादि खाद्य संस्थानले सिधै बजार मुल्यमा खरिद गर्ने व्यवस्था मिलाइने छ । अब मुगुको उत्पादन बाहिर पठाउने र बाहिरको पैसा मुगु भित्र्याउने संयन्त्र बनाइने छ ।

ज) कृषि एम्बुलेन्सः किसानको खेतमै सेवा पुऱ्याउने उद्देश्यले 'कृषि एम्बुलेन्स सेवा' सञ्चालन गरिनेछ । यस सेवामार्फत बाली रोग-कीरा व्यवस्थापन, माटो परीक्षण, कृषि औषधि तथा प्राविधिक परामर्श समयमै उपलब्ध गराइन पहल गरिनेछ ।

### ८) धार्मिक पर्यटनः आस्थाको सम्मान,समृद्धिको आधार

क) रारा, छायांनाथ, ऋिणमोक्ष, चंखेली, दुधदह, सोरू तातोपानी, दोमुख, खेस्मालिका, हेर्निमाइ लगायतका विभिन्न क्षेत्रहरू लाई बृहत धार्मिक पर्यटनको रूपमा अगाडि बढाउन आवश्यक पहल कदमी गरिनेछ ।

ख) राजस्वमा हिस्सेदारि : मुगुका २ वटा निकुन्ज र पर्यटनबाट आउने राजस्वको १०% रकम सिधै स्थानीय समुदायको विकासमा खर्च हुने नीति संसदबाट पारित गर्न आवश्यक पहल गरिनेछ ।

ग) मस्टो उत्सवःहाम्रो मौलिक मस्टो संस्कृती र देउडालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनाउन बार्षिक मुगु महोत्सव आयोजना गर्नका निम्ति पहल गरिनेछ ।

### ९) सरकारी कामकाजका निम्ति सहजीकरण गरिदिनेः

क) हेलो मुगु डेस्क : गाउंघरका हरेक दाजुभाइ, दिदीबहिनी गरिब निमुखा, दलित र सीमान्तकृत बर्गका जनता लाई दैनिक सरकारी कामकाजको सहजीकरणका र अन्य कार्यालय लागि मेरो सचिवालय मातहत रहने गरि "सहायता कक्ष "रहनेछ ।

### १०) हवाई सुविधाः हवाई सुबिधा,दुर्गमको जीवन रेखा

क) हवाई सेवामा सबै नागरिकलाई सम्मान अवसर सुनिश्चित गर्न अनलाइन टिकट बुकिङ प्रणाली लागू गरिनेछ। पहुँच,पारदर्शिता र न्याय सुनिश्चित गर्दै दलाल रहित टिकट बुकिङ व्यवस्था मिलाउन पहल गरिनेछ ।

ख) गम्भीर बिरामी,अपांगता भएका व्यक्ती तथा सहायताको आवश्यकता पर्ने यात्रुहरूका लागि हवाई यात्रामा छुट्टै सिट तथा सहायक मैत्री सुविधा सुनिश्चित गरिनेछ । दुर्गम जिल्लाबाट रेफर हुने बिरामीहरू लाई प्राथमिकताका आधारमा हवाई सिट आरक्षण तथा मानवीय व्यवहारका निम्ति पहल गरिनेछ ।

ग) सुर्खेत-मुगु सिधा हवाई सेवाःदुर्गम मुगुलाई प्रदेश राजधानी सुर्खेत संग जोड्न सिधा हवाई सेवा लागि संघ, प्रदेश सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण र निजि वायुसेवा कम्पनी संग सहकार्य गर्दै नियमित उडान सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

### ११) पर्यटन-पर्यटनमा बिकास,रोजगारको अवसर

**क) एक रात गमगढि अभियानः**

गमगढि बजारलाई आर्थिक हब बनाउन सुरक्षा र उज्यालोको व्यवस्था सहित २४ घन्टा बजारको अवधारणा लागू गरिनेछ। रारा जाने पर्यटक लाई कम्तीमा एक रात गमगढिमा बस्ने बातावरण मिलाइ स्थानीय व्यापार प्रवर्द्धन गरिनेछ र यो बिषयलाई मध्यनजर गर्दै पिना-बाले-गमगढि सडकलाई स्तर उन्नती गर्नका लागि बिशेष पहल गरिनेछ ।

**ख) रारा छायांनाथ पर्यटन बिकास समिती र कोषः**

रारा र छायांनाथ छेत्रको एकीकृत बिकासका लागि अधिकार सम्पन्न रारा छायांनाथ पर्यटन बिकास समिती गठन गरि यसै समिती अन्तर्गत रहने गरि कोषको स्थापना गर्न पहल गरिनेछ ।

**ग) लगानीमा स्थानीयको अग्राधिकारः**

रारा वा अन्य पर्यटकिय छेत्रमा खुल्ने ठुला होटेल तथा निजि प्रोजेक्टहरूमा बाहिरी लगानी कताको मात्र हालीमुहाली हुन नदिन स्थानीय अपनत्व नीति ल्याइनेछ। हरेक ठुला आयोजनामा स्थानीय जनताले शेयर वा लगानिको हिस्सा पाउने सुनिश्चित गर्न कानुनी पहल गरिनेछ ।

### ११) दलितः अवसर र समानतामा जोड

**क) छात्रवृत्तिको व्यवस्थाः**

दलित एवं जनजाती समुदायका जेहेन्दार तथा आर्थिक रुपमा कमजोर विद्यार्थीलाई उच्च शिक्षा (प्राविधिक, चिकित्सा, इन्जिनियरिङ, व्यवस्थापन, शिक्षा लगायत) अध्ययनका लागि बिशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

**ख) दलित तथा जनजाति युवा उद्यमशीलता केन्द्र स्थापना गर्नेः**

मुगु जिल्लामा दलित तथा जनजाति युवा उद्यमशीलता केन्द्र स्थापना गर्न पहल गरिने छ । यस केन्द्र मार्फत व्यवसायिक तालिमः: कृषि, हस्तकला, हाते उद्योग, सिलाई-कटाई, साना आईटी/डिजिटल व्यवसाय,मार्केटिङ तालिम स्वरोजगार र लगानी सहयोगः - अनुदान र सस्तो ऋण । समर्थन र मार्गदर्शनः मनोवैज्ञानिक र प्रेरणादायी सल्लाह । सफल उद्यमीहरुबाट मार्गदर्शन । नवप्रवर्तन र नयाँ आइडियाहरुको परीक्षण सहयोग। आदि इत्यादिका निम्ति पहल गरिनेछ ।

### १२) खेलकुद तथा कला र संस्कृति

**क) मुगुमा खेलकुदका निम्ति एक बहुउद्देश्यीय एकेडेमिः** जिल्लामा स्थानीय प्रतिभाको पहिचान, विकास र राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि बहुउद्देश्यीय खेलकुद एकेडेमी स्थापना गरिनेछ । उक्त एकेडेमीमार्फत फुटबल, भलिबल, एथलेटिक्स, मार्सल आर्ट्स लगायत खेलहरुको नियमित प्रशिक्षण, प्रशिक्षक व्यवस्था र खेलाडीको करियर विकासका निम्ति पहल गरिनेछ ।

**ख) युवा र प्रतिभा केन्द्रित थियटरः** "साहित्य, नाटक, कविता र संगीतको संरक्षण, संवर्द्धन तथा सृर्जनशील युवाको प्रतिभा उजागर र अवसर विकासका लागि स्थानीय तहमा बहुउद्देश्यीय थियटर स्थापना गरिनेछ ।"

### १३) प्राकृतिक श्रोतको अनुसन्धान तथा उचित व्यवस्थापन

प्राकृतिक स्रोतहरु जस्तै जल, बनस्पति, खानी (जस्तै तामा खानी मुगुम कार्मारोङ्ग), जडिबुटी जस्ता स्रोतहरूको वैज्ञानिक अध्ययन गर्ने र डेटा संकलन गरेर नीति निर्माण गरि यस्ता श्रोतहरूको अनुसन्धान तथा उचित व्यवस्थापन गर्न पहल गरिने छ ।

**१४) डिजिटल मुगु, डिजिटल पालिकाः** २१ औं शताब्दीमा विज्ञान र प्रविधि लाई आत्मसाथ गर्दै पालिका भित्र हुने सबै कामकाज डिजिटल मार्फत प्रयोग गर्न पहल गरिने छ ।

**प्रिय मुगुबासी दाजुभाइ तथा दिदिबहिनीहरु,मेरो यो पहिलो पाइला,तपाइका आशा र सपना बोकेका पाइला हुनायदि तपाईंका कोमल हातहरुले मेरा हात समातेर बिजय दिलाउनु भयो भने म ती हातहरु कहिलेपनि छोड्ने छैन । म संसदमा पुगेर पनि मुगुकै माटोमा उभिएको मुगु अनि कर्णालीकै पिडा बोल्ने प्रतीनिधि भई रहनेछु ।**
**मेरो पहिलो पाइला-तपाईको बिश्वास सहित ।**

**खड्ग बहादुर थाही**
**प्रतिनिधि सभा सदस्य उम्मेदवार**
**नेपाली कांग्रेस**